नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, माघ २३ गते, २०७७ साल (अतिरिक्ताङ्क ४१

भाग २

नेपाल सरकार

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७७ सालको अध्यादेश नं. ११

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना: बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल सङ्घीय संसदको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) अध्यादेश, २०७७" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ६ मा संशोधनः** बेपत्ता पारिएका व्यक्तिको छानबिन,सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (यसपछि "मूल ऐन" भनिएको) को दफा ६ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यो उपदफा प्रारम्भ हुँदाका बखत बहाल रहेका अध्यक्ष तथा सदस्यको पदावधि संवत् २०७८ साल असार मसान्तसम्म कायम रहनेछ ।"

(२) उपदफा (४) झिकिएको छ ।

३. **मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को उपदफा (१) को खण्ड (ख१) मा रहेका "उपदफा (१) र (४)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) वा (१क)" भन्ने शब्दहरु राखिएका छन् ।

४. <u>मूल ऐनको दफा ३८ मा संशोधन</u>: मूल ऐनको दफा ३८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) आयोगको कार्यावधि संवत् २०७८ साल असार मसान्तसम्म कायम रहनेछ ।"

प्रमाणीकरण मितिः २०७७।१०।२३

आज्ञाले,
ऋषि राजभण्डारी
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३